# आकाशवाणी समाचार- नेपाली

मितिः ०६ अप्रेल २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिज कुचबिहारबाट राज्यमा भइरहेको द्रुत जनसांख्यिकीय परिवर्तनले राज्यको भूमि र जनता दुवैलाई असुरक्षित बनाएको बताउनुभएको छ।

प्रधानमंत्रीले तृणमूल कंग्रसको शासनमा राज्यमा कानून-व्यवस्था र लोकतान्त्रिक मूल्यमान्यताहरू अत्यन्तै खस्किएको बताउनु भएको छ।

सरकारले पांच किलोग्रामको एलपीजी सिलेंडरको बिक्री बढ़ाइको बताएको छ।

मौसम विभागले आगामी मंगलबार र बुधबार उत्तर बंगालका दार्जिलिङ, जलपाईगुडी र कुचबिहार जिल्लाहरूमा असिना पर्ने अनुमान व्यक्त गरेको छ।

**प्रधान मंत्री-बंगाल**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिज कुचबिहारबाट राज्यमा आफ्नो पहिलो चुनावी ऱ्याली शुरु गर्नुभयो। कुचबिहारको रशमेला ग्राउन्डमा हिज आयोजित भाजपाको विशाल विजय संकल्प ऱ्यालीमा अलिपुरद्वार र कुचबिहार जिल्लाका हजारौं कार्यकर्ता र समर्थकहरू उपस्थित थिए। ऱ्यालीमा भाजपा प्रदेश अध्यक्ष समिक भट्टाचार्य र केन्द्रीय मन्त्री सुकान्त मजुमदार लगायत धेरै पार्टी नेताहरू उपस्थित थिए। जनसभामा श्री मोदीले कुचबिहार र अलिपुरद्वार जिल्लाका १४ पार्टी उम्मेदवारहरूको परिचय गराउनुभयो। जनसभालाई सम्बोधन गर्दै उहाँले एक समय पश्चिम बंगाल विकासमा देशको नम्बर एक राज्य रहेको तर पहिलेको कांग्रेस, त्यसपछि वाम मोर्चा र अहिले विगत १५ वर्षदेखि तृणमूल कांग्रेसको सरकारहरूले राज्यको विकासलाई अत्यन्तै बर्बाद पारेको बताउनुभयो। उहाँले भन्नुभयो राज्यमा भइरहेको द्रुत जनसांख्यिकीय परिवर्तनले राज्यको भूमि र जनता दुवैलाई असुरक्षित बनाएको छ। उहाँले भाजपा सत्तामा आए प्रत्येक अवैध घुसपैठीलाई पहिचान गरी देश निकाला गरिनेछ। हालै माल्दा न्यायिक अधिकारीहरूको बन्धक बनाइएको उल्लेख गर्नुहुँदै श्री मोदीले तृणमूल कंग्रेस शासनमा न्यायपालिका पनि सुरक्षित नरेको अनि सर्वोच्च न्यायलयले कानून र व्यवस्था बनाई राख्न हस्तक्षेप गर्न बाध्य बनेको बताउनुभयो। उहाँले भन्नुभयो तृणमूल कंग्रसको शासनमा कानून-व्यवस्था र लोकतान्त्रिक मूल्यमान्यताहरू अत्यन्तै खस्किएको छ। एसआईआरको विरोध गर्दै टीएमसीले अवैध घुसपैठीहरूलाई बचाउन कडा प्रयास गरिरहेको आरोप पनि प्रधान मंत्रीले लगानुभएको छ। उहाँले राज्यमा भाजपा सत्तामा आएपछि पश्चिम बंगालको समृद्ध इतिहास र गौरव कायम राख्ने पनि बताउनुभयो। श्री मोदीले टीएमसी सरकारले विकासको झूठो वाचा गरेको अनि सत्तामा आएपछि भ्रष्टाचार, हिंसा र उत्पीडन गरेको आरोप पनि लगाउनुभयो। उहाँले जनतासित राज्यको उज्ज्वल भविष्यकालागि भाजपालाई मतदान गर्न र निर्दयी टीएमसी सरकारलाई फ्याँक्न अपील गर्नुभयो। कुनै समयमा अन्य राज्यका मानिसहरू रोजगारीको लागि पश्चिम बंगाल आउने गरेको तर आज राज्यका युवाहरू रोजगारीको लागि राज्य छोड्न बाध्य बनेको श्री मोदीले विशेष उल्लेख गर्नुभयो। उहाँले भाजपा सत्तामा आउँदा युवा, महिला, किसान र कामदारहरूका लागि धेरै अवसरहरू खुल्ने तथा राज्य औद्योगिक विकासको केन्द्रबिन्दु बन्निने विश्वास व्यक्त गर्नुभयो। उहाँले कालेबुङ्ग, अलिपुरद्वार र दिनाजपुर जिल्लाहरूमा कुनै मेडिकल कलेज वर्तमानमा पनि नरहेको तथा उत्तर बंगाल विकासबाट वञ्चित रहेको उल्लेख गर्नुभयो। राज्यमा भाजपा सरकार आएपछि उत्तर बंगाललाई धेरै प्राथमिकता दिइने तथा तीव्र गतिमा विकास गरिने पनि श्री मोदीले बताउनुभएको छ।

**सरकार-एलपीजी सिलेंडर**

सरकारले पांच किलोग्रामको एलपीजी सिलेंडरको बिक्री बढ़ाइदिएको छ। वैध पहिचान पत्र देखाए एलपीजी वितरक-काउंटरमा यो सिलेंडर उपलब्ध हुनेछ। पेट्रोलियम अनि प्राकृतिक गैस मंत्रालयले बताए अनुसार बढ्दो मांग पूरा गर्नकालागि आपूर्ति बढ़ाइए पछि गत 23 मार्चदेखि पांच किलोको लगभग छह लाख साठी हजार सिलिण्डरहरुको बिक्री भइसकेको छ। यी सिलिडरहरुको मुल्य बाजार दर मा राखिएको छ अनि यसलाई किन्नको लागि ठिगाना-प्रमाणको आवश्यक्ता हुने छैन। मंत्रालय अनुसार एलपीजी वितरण केन्द्रहरुमा यी सिलेंडरहरुको कमीको खबर छैन। गत चार अप्रैलमा 51 लाख भन्दा अधिक घरेलू सिलिडरहरुको आपूर्ति गरिएको छ अनि कुल मांग को

95 प्रतिशतको ऑनलाइन बुकिंग भएको छ। सरकारले बताए अनुसार पश्चिम एशिया संघर्ष बीच ईंधनको निर्बाध आपूर्ति, सुरक्षित समुद्री परिवहन अनि भारतीय नागरिकहरुको सहायताको लागि व्यापक उपाय गरिन्दैछ। मंत्रालयले पेट्रोल, डीज़ल तथा खाना पकाउने गैस सिलिण्डरको देश मा कुनै कमी नरहेको कुरो माथि जोड़ दिएको छ।

**बंग्लादेश सिमा**

भारतको सीमाहरुलाई सुरक्षित राख्न अनि घुसपैठलाई रोक्नकालागि सिमा सुरक्षा बल (BSF) ले एक विशेष योजना बनाएको छ। बीएसएफ सूत्र अनुसार, भारत-बांग्लादेश सीमामा नदी अनि दलदली क्षेत्रमा घुसपैठ रोक्नकालागि सांप अनि गोई जस्ता प्राकृतिक अवरोधहरुको प्रयोग माथि आंतरिक स्तर मा चर्चा भएको छ। यद्धपी यस सम्बन्धमा हाल सम्म कुनै आधिकारिक आदेश जारी गरिएको छैन। सूत्र अनुसार यो विचार ती संवेदनशील क्षेत्रहरुकालागि गरिएको हो जहाँ बाड़ लगाउन संभव छैन. भारत अनि बांग्लादेश बीच लगभग 4 हजार 96 किलोमीटर लामो सीमा रहेको छ जसमा 1 सय 75 किलोमीटरको क्षेत्र नदी अनि दलदली भूभाग रहेको छ, जहां फेंसिंग गर्न गाह्रो रहेको छ। यसकारण यी क्षेत्रहरुमा घुसपैठ, तस्करी अनि अवैध गतिविधिहरुलाई रोक्न सुरक्षा बलका लागि धेरै चुनौतीपूर्ण रहँदछ। 'डिटरेंस-फर्स्ट' स्ट्रैटेजी अन्तर्गत अधिकारीहरुलाई यस्ता क्षेत्रहरुलाई चिन्हित गर्न भनिएको छ। यद्धपी यो प्रस्ताव हाल शुरुआती चर्चाको स्तर मा नै छ अनि यसलाई लागू हुनलाई लिएर स्थिति स्पष्ट छैन।

**मोहन शर्मा**

युवाहरुलाई रोजगार दिने वाचाको साथमा चुनावी मैदानमा उत्रिएका खरसाङ विधानसभा समष्टिको लागि निर्दलीय उम्मेद्वार मोहन शर्माद्वारा हिज खरसाङमा पत्रकार सम्मेलन आयोजना गरेर आफु कसैको भोट काट्न आएको होइन न त कसैलाई साथ दिन आएको हो भनी बताउनुभयो। उहाँले आफु राजनीति गर्न पनि आएको होइन भनी बताउनु हुँदै युवाहरुलाई रोजगार दिनु नै आफ्नो प्रमुख प्राथमिकता रहेको बताउनुभयो। सिलगढीको दार्जिलिङ मोड निवासी मोहन शर्मा एकजना युवा उद्यमी हुन् जसले मानव संसाधन क्षेत्रमा विगत 13 वर्षदेखि लगातार रुपमा काम गर्दै 8 हजार युवालाई रोजगार दिईसकेका छन्। उनले खरसाङको एक होटलमा पत्रकार सम्मेलन गरेर खरसाङ विधानसभा समष्टिबाट चुनाव लड्नुको कारण र चुनावमा आफ्नो मुद्दा विषयमा जानकारी गराएका छन्।

**गोरामुमो-भाजपा**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चाले हिज आफ्नो पार्टीको ४६औं स्थापना दिवस पालन गरेको छ। पार्टी अध्यक्ष मन घिसिङको अध्यक्षतामा आयोजित स्थापना दिवस कार्यक्रममा विधायक निरज जिम्बा, केन्द्रिय समिति उपाध्यक्ष एनबी छेत्री, सेक्रेटरी जनरल ऋषि थापा, केन्द्रिय समिति सदस्यगण, ब्राञ्च कमिटीका प्रतिनिधिवर्ग, भ्रातृ संगठनका प्रतिनिधिवर्ग साथै गोरामुमो कार्यकर्ताहरुको व्यापक उपस्थिति रहेको थियो। स्थापना दिवस कार्यक्रमलाई सम्बोधन गर्दै पार्टी अध्यक्ष मन घिसिङले पार्टीले २३ अप्रेल र ४ मईलाई मात्र हेरेर कार्य गरिरहेको होइन तर भविष्यको लागि पार्टीले आफ्नो कार्यहरु गरिरहेको बताउनुभयो। चुनाउभन्दा ठूलो हाम्रो भविष्य हो, जातिको मुद्दा भनी मन घिसिङ्गले बताउनुभयो। पार्टीले सत्ता परिवर्तन होइन तर व्यवस्था परिवर्तन चाहेको बताउनुहुँदै उहाँले एउटा संवैधानिक व्यवस्था गोर्खा जातिले पाउनु पर्छ भनी बताउनुभयो। यसको साथै गोरामुमो केन्द्रिय समितिको बैठक पछि पत्रकारहरुलाई सम्बोधन गर्दै केन्द्रिय समिति उपाध्यक्ष एनबी छेत्रीले गोरामुमोले चुनाउमा भाजपालाई सघाउने निर्णय लिएको पनि बताउनुभएको छ।

**मौसम**

पश्चिम बंगालका धेरै जिल्लाहरूमा आगामी बिहीबारसम्म मेघगर्जनसहित वर्षा हुने पूर्वानुमान गरिएको छ। यसले अधिकतम तापक्रममा गिरावट आउने अनुमान गरिएको छ। मौसम विभागले भनेको छ कि बंगालको खाडीबाट आर्द्रताको उल्लेखनीय प्रवाह भइरहेको छ, जसले गर्दा आगामी ९ अप्रिल सम्म राज्यका धेरै भागहरूमा मेघगर्जन र वर्षा हुने सम्भावना छ। फलस्वरूप, तापक्रम ३ देखि ४ डिग्री सेल्सियसले घट्ने अनुमान गरिएको छ। उत्तर बंगालका सबै जिल्लाहरूमा मौसम प्रतिकूल रहने अनुमान गरिएको छ भने पहाडी क्षेत्रहरूमा भारी वर्षाको चेतावनी जारी गरिएको छ। आगामी मंगलबार र बुधबार उत्तर बंगालका दार्जिलिङ, जलपाईगुडी र कुचबिहार जिल्लाहरूमा असिना पर्ने अनुमान गरिएको छ। जलपाईगुडी र अलिपुरद्वारमा ७ देखि ११ सेन्टिमिटरसम्म वर्षा हुन सक्ने पूर्वानुमान गरिएको छ। यसरी नै पुरुलिया, बांकुरा, पूर्व र पश्चिम वर्धमान, पश्चिम मेदिनीपुर, झारग्राम, मुर्शिदाबाद, उत्तर २४ परगना र

हुगली लगायतका जिल्लाहरूमा बिजुली चल्ने, ४० देखि ५० किलोमिटर प्रति घण्टाको गतिमा हावा चल्ने र मेघगर्जनसहित वर्षा हुने सम्भावना छ।

****** ० ******